नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालय

## सार्वजनिक सेवा प्रसारण संस्थाको अध्यक्ष पदमा नियुक्ति सम्बन्धी सिफारिस समिति

## दरखास्त आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८३/०२/०९

सार्वजनिक सेवा प्रसारण संस्थाको रिक्त रहेको सञ्चालक समितिको अध्यक्ष पदमा प्रतिस्पर्धात्मक प्रणालीद्वारा एकजना उम्मेदवार छनौट गरी नियुक्त गर्नुपर्ने भएकोले इच्छुक योग्य व्यक्तिले मिति २०८३/०२/१८ (सोमबार) कार्यालय समयभित्र दरखास्त पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। दरखास्त पेश गर्ने उम्मेदवारको लागि दरखास्त फाराम, दरखास्तसाथ संलग्न गर्नुपर्ने योग्यता, आवश्यक कागजात लगायतको विस्तृत जानकारी सूचना तथा सञ्चार मन्त्रालयको वेवसाइट www.mocit.gov.np र सार्वजनिक सेवा प्रसारण संस्थाको वेवसाइट www.psbnepal.gov.np मा उपलब्ध छ।

# सार्वजनिक सेवा प्रसारण संस्थाको अध्यक्ष पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न गठित समितिको
# दरखास्त आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३/०२/०९)**

सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ को दफा ८ को उपदफा (८) बमोजिम सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस गर्नुपर्ने भएकोले सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ तथा सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्ति सिफारिससम्बन्धी कार्यविधि, २०८३ अनुसार देहायबमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्तिका लागि सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ को दफा ९ बमोजिम योग्यता पुगेको र सोही ऐनको दफा १० बमोजिम अयोग्यता नभएको हुनुपर्नेछ । उम्मेदवारले दरखास्तसाथ देहायको कागजात पेश गर्नुपर्नेछ:

(१) नियुक्ति हुन चाहेको पदको बेहोरा खुल्ने कार्यविधिको अनुसूची-१ बमोजिमको दरखास्तका लागि आवेदनको विवरण,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) न्यूनतम शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाणपत्र भए समकक्षताको प्रमाणपत्र),

(४) सम्बन्धित क्षेत्रमा एक वर्ष भन्दा बढी अवधी काम गरेको अनुभव स्पष्ट खुल्ने सम्बन्धित संस्थाको प्रमाणित कागजातहरू,

(५) सम्पर्क खुल्ने व्यक्तिगत विवरण,

(६) दरखास्त दिने अन्तिम मितिसम्म पैतीस वर्ष पूरा भएको बेहोरा खुलेको प्रमाण,

(७) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति ,

(८) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रमाणित प्रतिलिपि,

(९) कार्यविधिको अनुसूची-२ बमोजिमको स्वःघोषणा,

(१०) उम्मेदवारले दरखास्त साथ संस्थाको अवधारणा पत्र, संस्थामा देखिएका विद्यमान समस्या, चुनौती र अवसर सहितको व्यवसायिक कार्ययोजना एवम् भावी रणनीतिक योजना समेत समावेश गरिएको कार्ययोजनाको तीन/तीन प्रति तयार गरी देहायबमोजिम पेश गर्नु पर्नेछ;

(क) ५००० (पाँच हजार) शब्दमा नबढाई तयार गरेको सार्वजनिक सेवा प्रसारण संस्था सम्बन्धी व्यवसायिक कार्ययोजना,

(ख) नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा कम्प्युटर टाइप गरिएको कार्ययोजना,

(ग) कार्यविधिको अनुसूची-३ बमोजिम पहिलो पृष्ठ सहितको व्यवसायिक कार्ययोजना ।

(घ) पेश गरेको व्यवसायिक कार्ययोजनाको तीन प्रति मध्ये कुनै एक प्रतिको प्रत्येक पृष्ठमा उम्मेदवारले दस्तखत गरेको हुनु पर्नेछ । सो बाहेक अन्य दुई प्रतिमा कुनै पनि पृष्ठमा कहीं कतै नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै सङ्केत नगरेको हुनु पर्नेछ ।

(ङ) व्यवसायिक कार्ययोजना खाम भित्र राखी शिलबन्दी गरिएको हुनुपर्नेछ ।

(च) व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण (Hard Copy र Soft Copy) समेत छुट्टै खाम भित्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

(११) **दरखास्त पेश गर्ने अन्तिम मिति:** यो सूचना प्रकाशन भएको मितिले १० (दश) दिन भित्र (मिति २०८३/०२/१८ गते) । अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिन ।

(१२) **दरखास्त पेश गर्ने स्थान:** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संस्थान समन्वय शाखा, सिंहदरवार ।

सार्वजनिक सेवा प्रसारण संस्थाको सञ्चालक समितिको अध्यक्षको नियुक्तिको सिफारिससम्बन्धी कार्यविधि, २०८३ र दरखास्त आह्वान सम्बन्धी सूचना, सूचना तथा सञ्चार मन्त्रालयको वेब साइट https://mocit.gov.np एवम् सार्वजनिक सेवा प्रसारण संस्थाको वेबसाइट https://psbnepal.gov.np मा समेत हेर्न सकिनेछ । यस सम्बन्धमा थप जानकारीका लागि मन्त्रालयको संस्थान समन्वय शाखाको फोन नं. ०१-४२११९७९ मा सम्पर्क राख्न सकिने छ ।